# आफ्नो अधिकार थाहा पाउनुहोस्:

## क्रेडिटले कसरी पिडितहरुको आवास छनौटलाई असर पार्छ [i]

**उपभोक्ता प्रतिवेदन र क्रेडिट स्कोर के–के हुन् ?**

- उपभोक्ता रिपोर्ट भनेको तपाईंको क्रेडिट, "सामान्य प्रतिष्ठा, व्यक्तिगत विशेषता वा जीवन शैली" बारे उपभोक्ता रिपोर्टिङ एजेन्सीले तयार पारेको जानकारी हो।
- क्रेडिट रिपोर्ट एक प्रकारको उपभोक्ता प्रतिवेदन हो। क्रेडिट रिपोर्टले तपाईंको परिचय, तपाईंको हालको तथा विगतका बैंक खाताहरू, ऋण, क्रेडिट कार्ड, टाट पल्टेको वा अन्य पैसाको रेकर्डबारे जानकारी दिन सक्छ। तपाईंको क्रेडिट रिपोर्टमा विगतका निष्कासन आदि कुराहरूबारे पनि जानकारी हुन सक्छ। [ii]
- भाडावाल जाँच रिपोर्ट भनेको तपाईंको भाडाको इतिहासबारे एक प्रकारको विशेष उपभोक्ता रिपोर्ट[1] हो। यसमा विगतमा निकालिएको रकम, घर भाडामा लिने रकम र अघिल्लो ठेगानाबारे जानकारी हुन सक्छ।
- क्रेडिट स्कोर भनेको तपाईंलाई दिइएको क्रेडिट रिपोर्टको आधारमा तपाईंले आफ्नो ऋण चुक्ता गर्ने सम्भावना कत्तिको छ भन्ने देखाउछ। [iii]

**उपभोक्ता रिपोर्ट र क्रेडिट स्कोर किन महत्त्वपूर्ण छ?**

क्रेडिट स्कोर र उपभोक्ता रिपोर्टहरु महत्त्वपूर्ण छन् किनभने तपाईंलाई ऋण, क्रेडिट कार्ड, भाडाको लागि अपार्टमेन्ट वा जागिर दिने कि नदिने भनेर व्यापार तथा मानिसहरूले निर्णय गर्न प्रयोग गर्छन्।[iv] तपाईंको क्रेडिट रिपोर्टको जानकारीबाट तपाईंको क्रेडिट स्कोर हिसाब गरिने भएकोले तपाईंको क्रेडिट रिपोर्टको जानकारी सही हुनु महत्त्वपूर्ण छ। घरधनिहरूले तपाईंलाई भाडामा दिने कि नदिने भनी निर्णय गर्न तपाईंको क्रेडिट स्कोर, क्रेडिट रिपोर्ट र/वा भाडावाल जाँच रिपोर्ट प्रयोग गर्न सक्छन्।

**दुर्व्यवहारले मेरो क्रेडिट स्कोर कम गर्‍यो, के म केही गर्न सक्छु?**

हो सक्नुहुन्छ। तपाईं ले आफ्नोलागि सबै भन्दा राम्रो विकल्प पत्ता लगाउन स्थानीय कानूनी सहायता संगठन संग कुरा गर्न सक्नुहुन्छ वा उद्धार एजेन्सी र न्याय केन्द्र https://csaj.org/ta (सेन्टर फर सर्भाईभर एजेन्सि एन्ड जस्टिस) ले तपाईँलाई सहायता वा रेफरल प्रदान गर्न सक्छन् कि सक्दैनन् हेर्न सक्नुहुन्छ। आफ्नो स्थानीय कानुनी सहयोग संगठन पत्ता लगाउन https://www.lawhelpca.org/ मा हेर्नुहोस्। सबै कुरा सही छ कि छैन पक्का गर्न आफ्नो क्रेडिट रिपोर्ट र अन्य उपभोक्ता रिपोर्टहरू पुनरावलोकन गर्नु महत्त्वपूर्ण छ। यदि तपाईंको प्रतिवेदनमा गलत वा अपूर्ण जानकारी छ भने, तपाईंले प्रतिवेदन एजेन्सीलाई लेखि प्रतिवेदन परिवर्तन गर्न आग्रह गर्न सक्नुहुन्छ।[v] तपाईंको क्रेडिट रिपोर्टमा गलत वा अपूर्ण जानकारीको बिबाद र परिचय चोरी धोखाको चेतावनीका लागि अनुरोध बारेमा विबादित जानकारीका लागि टेम्पलेट पत्र यसमा छ। गलत जानकारीबारेको तपाईंको पत्र प्राप्त भएपछि रिपोर्टिङ एजेन्सीले तपाईंले गलत भनेर दाबी गर्नुभएको जानकारी को अनुशन्धान गर्दछ। प्रतिवेदन एजेन्सीसंग सामान्यतया तपाईंको फाइल हटाउन वा सच्याउन पत्र प्राप्त गरेको मितिदेखि ३० दिन हुन्छ।[vi]

**मलाई दुर्व्यवहार गर्नेले मेरो नाममा खाता खोल्यो, म के गर्न सक्छु?**

हो। अरूको जानकारी प्रयोग गर्नु, तिनीहरूको सहमतिविना, बैंक खाता खोल्ने, क्रेडिट कार्ड वा अपार्टमेन्ट भाडामा लिने जस्ता काम गर्नु परिचय चोरी[vii] हो। आफ्नो सबैभन्दा राम्रो विकल्प पत्ता लगाउन तपाईंले आफ्नो स्थानीय कानुनी सहयोग संगठनसँग कुरा गर्नुपर्छ। केही विकल्पमा प्रहरी रिपोर्ट दर्ता गर्ने, सुरक्षा सतर्कताको अनुरोध गर्ने, सुरक्षा फ्रीज र/वा उपभोक्ता रिपोर्टिङ एजेन्सीलाई परिचय चोरीबाट तपाईंको रिपोर्टमा परेका कुराहरु हटाउन अनुरोध गर्ने आदि समावेश हुन सक्दछ।[viii]

**मेरो उपभोक्ता रिपोर्टमा के छ, म कसरी थाह पाउँछु?**

तपाईंको उपभोक्ता रिपोर्ट, क्रेडिट रिपोर्ट र अन्य विशेष उपभोक्ता रिपोर्टहरूमा के छ भनेर निशुल्क "फाइल खुलासा" मार्फत हेर्ने अधिकार छ। प्रत्येक राष्ट्रब्यापि क्रेडिट ब्यूरो र विशेष उपभोक्ता रिपोर्टिङ एजेन्सीबाट हरेक १२ महिनामा एक पटक निशुल्क खुलासा गर्ने गरेको फाइल प्राप्त गर्न सक्नुहुन्छ। You must request the free file disclosure from the report's creating agency. तपाईंले प्रतिवेदन तयार गर्ने एजेन्सीलाई निशुल्क फाइल खुलासाको लागिअनुरोध गर्नुपर्दछ।[ix] उपभोक्ता वित्त संरक्षण ब्यूरोमा https://files.consumerfinance.gov/f/201604_cfpb_list-of-consumer-reporting-companies.pdf भएका सबै उपभोक्ता रिपोर्टिङ कम्पनीहरूको सूची छ र तपाईं www.annualcreditreport.com बाट आफ्नो निःशुल्क वार्षिक क्रेडिट रिपोर्ट प्राप्त गर्न अनुरोध गर्न सक्नुहुन्छ।

[1] There are many types of specialty reports, including employment screening, tenant screening, check and bank screening, personal property insurance, medical, low-income subprime, supplementary reports, utilities, retail, and gaming reports. https://files.consumerfinance.gov/f/201604_cfpb_list-of-consumer-reporting-companies.pdf



This Information sheet is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 1/9/18. Copyright © Family Violence Appellate Project 2019.

In addition to the free annual file disclosure, you can get a free file disclosure if:
निःशुल्क वार्षिक फाइल खुलासाको अतिरिक्त, तपाईलाई निःशुल्क फाइल खुलासा प्राप्त हुनसक्छ यदि:

- कसैले तपाईविरुद्ध प्रतिकूल कदम चाले—जस्तै, तपाईंलाई अपार्टमेन्ट भाडामा लिन, जागिर दिन वा उपभोक्ताको रिपोर्टमा जानकारीको कारण तपाईंलाई ऋण दिन इन्कार गर्नु;
- तपाईं परिचय चोरीको सिकार हुनुहुन्छ र आफ्नो फाइलमा ठगी सचेतक राख्नुभएको छ;
- तपाईंको फाइलमा ठगीको कारणले गलत जानकारी परेको छ;
- तपाईं सार्वजनिक सहायतामा हुनुहुन्छ;
- तपाईं बेरोजगार हुनुहुन्छ तर ६० दिनभित्र रोजगारीको लागि आवेदन दिदै हुनुहुन्छ।

**कसैले मेरो विरुद्धमा उपभोक्ता रिपोर्ट प्रयोग गऱ्यो भने म कसरी थाह पाउन सक्छु?**
यदि कुनै व्यक्ति वा व्यापारले तपाईविरुद्ध प्रतिकूल कदम चाल्न उपभोक्ता रिपोर्ट प्रयोग गर्छ भने— जस्तै, आवास, ऋण वा जागिर अस्वीकार गर्नु—तिनीहरूले तपाईंलाई आफू प्रतिवेदनमा भर परेको बताउनुपर्छ र निम्न जानकारी दिनुपर्दछ:

- रिपोर्टिङ एजेन्सीको नाम र सम्पर्क जानकारी;
- तिनीहरू—स्क्रिनिङ कम्पनी होइन—प्रतिकूल निर्णय गरे;
- प्रतिवेदनको सूचनालाई प्रतिवेदन एजेन्सीसँग विवाद गर्ने र प्रतिवेदन मागेको ६० दिनभित्र निकायबाट प्रतिवेदनको निःशुल्क प्रतिलिपि प्राप्त गर्ने अधिकार तपाईंलाई छ; र
- तपाईंको क्रेडिट स्कोर, उनीहरूले रिपोर्टिङ एजेन्सीबाट प्राप्त गरेमा।[x]

**मेरो विरुद्धमा मेरो उपभोक्ता रिपोर्ट प्रयोग गर्ने व्यक्तिले मलाई रिपोर्टको प्रतिलिपि दिनुपर्छ?**
होइन, तिनीहरूले तपाईलाई माथि सूचीकृत सूचना मात्र बताउनु पर्छ । यद्दपि, तपाईले रिपोर्ट माग्नुभयो भने तिनीहरूले एक प्रति छानेर दिन गर्न सक्छन्। उनीहरूले भरोसा गरेको रिपोर्ट गलत हो भने, उनीहरूलाई तुरुन्तै जानकारी दिनुभयो भने तपाईविरुद्ध आफ्नो निर्णय बदल्न सक्छन्।[xi]

**साधारणतया नकारात्मक जानकारी सधैंभरि तपाईंको फाइलमा रहिरहन सक्दैन**

प्रायजसो, उपभोक्ता रिपोर्टिङ एजेन्सीले ७ वर्षभन्दा पुरानो नकारात्मक जानकारी रिपोर्ट नगर्न सक्छ, जसमा तपाईंले पुर्पक्षमा गुमाउनुभएको निष्कासनसम्बन्धी मुद्दाहरू पनि समावेश छन्। रिपोर्ट गर्ने निकायहरूले १० वर्षसम्म टाट पल्टेको रिपोर्ट गर्न सक्छन्।[xii]

**म कसरी अझ धेरै मदत पाउन सक्छु?** थप कानूनी जानकारी र स्रोतको लागि http://www.fvaplaw.org मा FVAP को वेबसाइट हेर्नुहोस्, वा प्रश्नहरूको लागि fvap info@fvaplaw.org वा (५१० ) ८५८ -७३५८ मा सम्पर्क गर्नुहोस्।

---

[i] This information applies to all consumers.
[ii] *Guidebook on Consumer & Economic Civil Legal Advocacy for Survivors*, Center for Survivor Agency & Justice, (2017), p. 22.
[iii] *Id*.
[iv] *Id*. at 21.
[v] 15 U.S.C § 1681c.
[vi] *Id.* at § 1681i.
[vii] *Id.* at § 1681a(q)(3); 12 C.F.R. § 1022.3(h).
[viii] 15 U.S.C. § 1681c-2; Cal. Civil Code §§ 1785.11.2, 1785.16(k); 1785.16.1, 1785.16.3; Cal. Penal Code § 530.6.
[ix] *Id*. at § 1681j.
[x] *Id*.
[xi] *Id*.
[xii] *Id*. at § 1681c; Cal. Civ. Code § 1785.13.



This Information sheet is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 1/9/18. Copyright © Family Violence Appellate Project 2019.